**बैठक नं. ८०**

**आज मिति २०८२ बैशाख २४ गते, बुधबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. लक्ष्मीनरसिंह मन्दिर उद्घाटन सम्बन्धमा ।

२. परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीलाई मोहदामा लाग्ने काठ, ईटा, झिंगटीमा लाग्ने अनुदान सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध

निर्णयहरु :-

१. नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. ४ ग:हिटीस्थित यस नगरपालिकाद्वारा पुन: निर्माण सम्पन्न लक्ष्मीनरसिंह मन्दिरको उद्घाटन तथा उक्त मन्दिर सम्बन्धी विवरण समावेश गरिएको **"लक्ष्मीनरसिंह मन्दिर पुन: निर्माण-२०८२"** पुस्तक सार्वजनिकीकरण कार्यक्रम निम्न मिति, समय र स्थानमा गर्ने निर्णय गरियो :-

मिति :- मिति २०८२।२।६ गते

स्थान :-भक्तपुर नगरपालिका वडा नं. ४ ग:हिटी

समय : विहान ८:०० बजे

सोही दिन नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य माननीय प्रेम सुवालको प्रमुख आतिथ्यतामा 'जनप्रतिनिधि वहाल भएको तीन वर्ष' कार्यक्रम ख्वप इन्जिनियरिङ्ग कलेजको सभा हलमा दिनको ३:०० बजे गर्ने निर्णय गरियो ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. शिक्षा, स्वास्थ्य संस्कृति समिति**

मिति २०८२।१।२१ गतेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. यस नगरपालिबाट प्रकाशन गरिएको 'खेलकुद स्मारिका-२०८१' पुस्तक सम्पादन गर्ने सम्पादक श्री विष्णु गोपाल कुसीलाई रु.१५,०००।- (अक्षेरुपी पन्ध्र हजार रुपैयाँ) पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

२. यस नगरपालिकामा छात्रवृत्ति पाऊँ भनी पेश भएका निवेदकहरुमध्ये देहाय बमोजिम विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो :

क. रुसेल सिल्पकार – इतिहास, संस्कृति पुरातत्व – स्नातकोत्तर

ख. रविन्द्र प्रसाद कुसी – नेपाल भाषा – स्नातकोत्तर

ग. सविन दुवाल – इतिहास, संस्कृति, पुरातत्व – स्नातकोत्तर

घ. राजकुमार साखकर्मी – संस्कृति – स्नातकोत्तर

ङ. मनिला प्रजापति – राजनीति शास्त्र – स्नातकोत्तर

३. यस नगरपालिकाका सफाई मजदुर, स्वास्थ्य स्वंसेविका र स्वास्थ्यकर्मीहरुलाई इन्फ्लुएन्जा भ्याक्सिन उपलब्ध गराउने निर्णय गरियो ।

**ख. वातावरण तथा पर्यटन समिति**

मिति २०८२।१।१७ गतेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. फोहर मैला व्यवस्थापनको लागि कुहिने फोहोर कटर मेशिन (Organic Waste Shredder Machine-१३०० केजी/प्रति घण्टा) खरिद तथा स्पेशिफिकेशन बनाउने निर्णय गरियो ।

२. नकुहिने फोहर मैला व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं. २ स्थित “डोको रिसाइक्लस’ संस्थासँग हालका लागि समन्वय गर्ने निर्णय गरियो ।

३. डिभिजन वन कार्यालय, सानो ठिमी, भक्तपुरद्वारा पठाएको हरित पार्क निर्माण सम्बन्धी पत्रानुसार हरित पार्क निर्माणका लागि उपयुक्त स्थान छनौट गरी पठाउने भने बमोजिम यस नगरपालिकाको वडा नं. १० स्थित बाल उद्यान छनौट गरी नगरकोट सव डिभिजन कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**ग. युवा तथा खेलकुद समिति**

मिति २०८२।१।५ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ चैत्र २३-२५ गतेसम्म हुने अन्तर नगर जिम्नाष्टिक प्रतियोगिताको मूल समिति, प्रतियोगितामा सहयोगी रेफ्री, जर्ज र पुरस्कृत खेलाडीहरुलाई धन्यवाद ज्ञापन कार्यक्रम गर्ने निर्णय गरियो ।

२. नयाँ वर्ष २०८२ को अवसरमा शुभकामना तथा २०८१ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरुलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्ष उत्तीर्ण प्रशिक्षकहरुलाई (रिफ्रेसर कोर्ष गर्नेलाई बाहेक) सम्मान कार्यक्रम गर्ने निर्णय गरियो ।

मिति २०८२।१।२२ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. मध्यपुर नगरपालिका २ नं. वडा कार्यालयको आयोजनामा २०८२ बैशाख २७-२९ गतेसम्म हुने भक्तपुर जिल्लाव्यापी वडा स्तरीय व्याटमिन्टन प्रतियोगितामा यस भक्तपुर नगरपालिकाको १ देखि १० वडा कार्यालयका व्याटमिन्टन खेलाडीहरुलाई सहभागी गराउने र उक्त सहभागी हुने खेलाडीहरुको लागि दर्ता शुल्क र आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**<u>घ. आर्थिक समिति</u>**

**. मिति: २०८२।१।१४ गतेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

१. मिति: २०८१।८।१८ गते प्रकाशित सूचना अनुसार प्राप्त निवेदकहरुलाई मिति २०८२।१।१२ गते लिएको अन्तर्वार्ताबाट निम्नानुसार ब्यक्तिहरुलाई निम्नानुसारको युवा उद्यमशील ऋण प्रदान गर्ने निर्णय गरियो :-

तपसिल

| क.सं | आवेदकको नाम र थर | वडा नं. | गर्न चाहेको व्यवसाय | ऋण माग रकम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | सजना सुवाल | ५ | विद्युतीय सामाग्री | ३०००००।०० | ९८४३३५०५४७ |
| २ | जगतेश्वरी खर्बुजा | २ | मिठाई भण्डार | ३०००००।०० | ९८५११६९३८६ |
| ३ | सुचिता ध्वँजू | ८ | तयारी पोशाक | ३०००००।०० | ९८४१९१२३०७ |
| ४ | रेणु सिन्ताकल | १ | सिलाई | ३०००००।०० | ९८४३९०३१६६ |
| ५ | गोपाल किसी | ८ | कम्प्युटर ट्रेनिङ | ३०००००।०० | ९८५१३३५५८२ |
| ६ | नारायण सुन्दर बोयजू | २ | फर्निचर वर्कशप | ३०००००।०० | ९८४१६५४४८७ |
| ७ | सविता डंगोल | २ | दही पसल | ३०००००।०० | ९८५११९०७१६ |

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रानुसार समदर्शी वचत तथा ऋण सहकारी संस्था लि. को सम्बन्धमा परेको उजुरीका बारेमा यस कार्यालयको निर्णयबाट आ.व. २०७५/०७६ देखि आ.व. २०७९/८० सम्मको हिसाब किताब चेक जाँच गरी प्रतिवेदन पेश गर्न रजिष्टर्ड लेखा परीक्षक श्री कृष्ण राम पही र यस कार्यालयका आन्तरिक लेखा परीक्षक श्री विनोद आगञ्जालाई खटाइएकोमा निजहरुबाट

यस कार्यालयमा मिति २०८१।११।२७ गते दर्ता नं. ९०३० मा पेश भएको प्रतिवेदनका सम्बन्धमा छलफल हुँदा निम्नानुसार बुँदाहरुमा सुधार गरी ३० दिनभित्र पेश गने निर्णय गरियो ।

**तपसिल**

क. प्रतिवेदनको ५.९.४ अनुसार सहकारीको नियमानुसार संस्थाका पदाधिकाहरुमध्येबाट ४९ प्रतिशतले ऋण लिन पाउने र कुल पूँजीको अधिकत्तम १० प्रतिशत नबढ्ने गरी ऋण दिन सक्ने व्यवस्था भएकोमा केही पदाधिकारीहरुको एकाघर परिवारको दुई (२) जना सदस्यलाई ऋण दिएको हुँदा सो सीमा नाघेको औंल्याएको हुंदा सो विषयलाई नियमानुसार गरी प्रतिवेदन पेश गर्ने ।

ख. प्रतिवेदनको ५.२६ बाट प्रबन्ध निर्देशक (मुख्य ब्यवस्थापक) हरिराम लवजुको दैनिक हाजिरी मात्र भएको र समय नखुलेको भनी औंल्याइएकोले समय नखुलाई हाजिरी मात्र गरी तलब खानु आर्थिक अनियमिता भएकोले सो सम्बन्धमा आवश्यक छानविन गरी निज व्यवस्थापकबाट स्पष्टीकरण लिई कानून बमोजिम आवश्यक कार्वाही गर्ने ।

ग. प्रतिवेदनको ५.२८ संस्थाका विभिन्न ऋणी सदस्यहरुलाई ऋण दिने प्रयोजनको लागि सञ्चालक समितिको निर्देशन बमोजिम संस्थाको लेखा/प्रशासन प्रमुखको व्यक्तिगत ऐच्छिक खातामा संस्थाको पदाधिकारी, प्रबन्ध निर्देशक र विभिन्न शेयर सदस्यहरुबाट आवश्यकता अनुसार रकम जम्मा गरेको देखिन्छ । उक्त रकम आवश्यकताको आधारमा निजको सोही खाताबाट विभिन्न शेयर सदस्यहरुलाई ऋण चुक्ता गर्न रकम दिएको देखिन्छ । केही समय पछि उक्त रकम सम्बन्धित शेयर सदस्यहरुबाट फिर्ता लिई निजको खातामा रकम जम्मा गरी कारोबार गरेको देखिएको भनी प्रतिवेदनमा उल्लेख भएकोले सुधार गर्नु हुन् ।

घ. प्रतिवेदनको ५.३६ मा संस्थाको विनियमको दफा ८(ख) अनुसार संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्नुका साथै संस्थाको सेवा तथा सुविधा उपभोग गर्न र संस्थालाई सेवा सुविधा प्रदान गर्ने व्यक्ति तथा संस्था हुनुपर्नेमा कार्यक्षेत्रभित्रका मात्र नभई अन्य क्षेत्रका समेत सदस्य बनाई सेवा सुविधा प्रदान गरेको भनी प्रतिवेदनमा उल्लेख भएकोले कार्यक्षेत्र बाहिरका व्यक्तिहरुलाई सदस्यबाट हटाई ऋण चुक्ता गराउनु हुनु ।

ङ. प्रतिवेदनको ५.३९ मा सदस्य नं. ६७४ का मैया देवी मानन्धरलाई मिति २०७२।७।१३ गते ऋण लगानी गरेकोमा सोको धितो रोक्का नदेखिएको भनी उल्लेख भएकोले धितो रोक्का गरी रोक्काको प्रतिलिपी पेश गर्नु हुन ।

च. प्रतिवेदनको ५.४२ एउटै समय अवधिमा केही ऋणहरुलाई ऋण लगानी गर्दा ऋणको ब्याज दर ऋण दिएको समयमा र सञ्चालक समितिले ब्याज दर हेरफेर गरी लागू गरेको व्याज दर नै कायम हुने गरी

ऋण लगानी गरेको देखिएको औंल्याइएका हुँदा एउटै समयमा ब्याजदर फरक फरक गरी निर्धारण भएकोले एउटै ब्याज दर निर्धारण गर्नु हुन ।

छ. प्रतिवेदनको ५.४३ मा ऋण परिचालन तथा असुली नीति २०६९ को नियम १५(क) मा आफनै शेयर र बचतको दोब्बर अधिकत्तम सीमा १ लाखसम्म ऋण लगानी गर्दा  जमानी एकाघरको १ जना र संस्थाको १ जना भएपछि ऋण अधिकृत वा सेवा केन्द्र प्रमुखले स्वीकूत गर्न सक्ने ब्यवस्था गरेकोमा केही सदस्यहरुलाई आफैले बनाएको नीति नै प्रयोग नगरी ऋण प्रवाह गरेको देखिएकोले नीति अनुसार गरी प्रतिवेदन पेश गर्नु हुन ।

## ङ. कृषि समिति

मिति २०८१।१२।२७ गतेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. मिति २०८१ चैत्र २८ गतेदेखि मिति २०८२ बैशाख ७ गतेसम्म सञ्चालन हुने औद्योगिक शान्ति मेला, १०८ रोपनीमा भक्तपुर नगरपालिकाद्वारा उत्पादित CNBM प्रविधिबाट उत्पादित कम्पोष्ट मल प्रदर्शनी तथा विक्री गर्ने तथा सो प्रदर्शनीको लागि मल प्रदर्शनीको लागि आवश्यक जनशक्ति लागि श्यानिटेशन उपशाखालई जिम्मा दिने  । सो मेला अवधिभर खुद्रा कम्पोष्ट मलमा समेत ५० प्रतिशत छुट दरमा विक्री गर्ने ।

## च. निर्माण समिति

मिति २०८२।१।२३  गतेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

| क्र. सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई.□ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्या□न रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | भुतिपाखामा ढल निकास व्यवस्थापन कार्य | १० | ढल निकास पूर्वाधार विकास | १,०५२,३२ ०।८६ | | | | | | | | |
| २ | तपाकेमा ढल व्यवस्थापन कार्य | १ | ढल निकास पूर्वाधार विकास | ६५,१३३।० ८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | ४ | सडक बत्ती | ९९६१८।२४ | | | | | | | | |
| ४ | सडक बत्ती तथा फ्लोड लाइट जडान कार्य | ५ | सडक बत्ती | ९९६१८।२४ | | | | | | | | |
| ५ | water Pump tyf Automatic water level control System जडान कार्य, भनपा कार्यालय | २ | मर्मत | ९७,१४६।१० | | | | | | | | |
| **ख)** | **रि. ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भक्तपुर नपा वडा नं. ९ तौलाछे (लिवी) मा बहुउद्देशीय सामुदायिक भवन निर्माण | ९ | सङ्घीय सरकार सशर्त अनुदान ( आ.व. २०८०□८१) | ३,००८,७५०।३३ | ४,२८५,०४१।६१ | | | | | | | |
| २ | गोल्मढी गहिटी उत्तरतर्फको पाटी पनु:निर्माण कार्य | ७ | नपा | २,१०५,७४४।६७ | १,९८८,६६२।५४ | | | | | | | |
| **ग)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | पुरानो जगाति पुल निर्माण (डीपीआर सहित) कार्य | ८ | सङ्घीय सरकार सशर्त अनुदान | ५,३४४,०१८।१८ | | | उ.स.अ. : श्री बालगोबिन्द तचामो अ.स.स. : श्री कृष्णप्रसाद कोजु | | | | | |
| २ | भनपा वडा नं. ८ को सडक फुटपाथमा बिरूवा दुबो र जाली राख्ने कार्य | ८ | वातावरण तथा पर्यटन समिति | ५६२,५८३।६३ | | | उ.स.अ. : श्री रामकाजी शिल्पकार अ.स.स. : श्री कृष्णलाल किसी | | | | | |
| ३ | भुतिपाखामा ढल निकास व्यवस्थापन कार्य | १० | ढल निकास पूर्वाधार विकास | १,०५२,३२०।८६ | | | उ.स.अ. : श्री राजन दुवाल अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | | | | |
| ४ | CNBM कम्पोस्ट प्लान्टमा ब्लक छपाइ कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्र पूर्वाधार निर्माण | २,९७५,८४९।५१ | | | उ.स.अ. : श्री इश्वरीमान दुमरू अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घ) | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | खघा पुखु स्वास्थ्य चौकी निर्माण कार्य (तेस्रो चरण) | ७ | बाग्मती प्रदेश विशेष बजेट नपा | १४,२४६,१ ६१।८७ | कबोल अंक ९१,३१,२ ६२।६३ | प्रथम रनि□ बिल | २,१८२ ,७०८। ८३ | २,१८२, ७०८।८ ३ | २,१८२, ७०८।८ ३ | आंशिक सम्पन्न | Newa Construction, मध्यपुर थिमि ५, भक्तपुर | चौथो रनि□ बिल रू. १५,४१,५८ ७।६५ भुक्तानी दिने |

**३. विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. यस न.पा.को बा १ ग २२६२ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.११,४५८।- र बा १ ग २२६७ नं. को गाडी मर्मत गरे वापत रु.१०,९८९।- गरी कुल जम्मा रु. २२,४४७।- एस. जी. अटो. स्पेरस्लाई भुक्तानी दिने निर्णय गरियो ।**

**ख. यस न.पा.को बा १ क ८१५६ नं. को गाडी मर्मत गरे वापत रु.५५,२५७।- र बा १ क ९०२५ नं. को गाडी मर्मत गरे वापत रु.६०,०९३।- गरी कुल जम्मा रु. १,१५,३५०।- जगदम्बा इन्जिनियरिङ्गलाई भुक्तानी दिने निर्णय गरियो ।**

**ग. यस न.पा.को** BAB 8653 **नं. को गाडी मर्मत गरे वापत रु.१०,६३०।- र** BAB 9471 **नं. को गाडी मर्मत गरे वापत रु.२,८००।- र** BAB 7277 **नं. को गाडी मर्मत गरे वापत रु. १७,२५०।- कुल जम्मा रु ३०,६८०।- पूर्ण अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।**

**घ. यस न.पा.को बा ३ च ८७६ नं. को गाडी मर्मत गरे वापत रु.९८,८७५।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।**

**ङ. यस न.पा.को बा प्र ०१ ००१** U **४१८५ नं. को गाडी मर्मत गरे वापत रु.४१,२९६।- भाजु रत्न एजेन्सी प्रा. लि. लाई भुक्तानी दिने निर्णय गरियो ।**

**च. यस न.पा.को बा ३४ प ८८२० नं. को मोटरसाईकलको मर्मत गरे वापत रु. ५,८५०।- लक्ष्मी अटो वर्कसपलाई भुक्तानी दिने निर्णय गरियो ।**

**छ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराउ वापत रु ३,३१,४७७।- दिव्या स्विट्स एण्ड फुड्स्लाई भुक्तानी दिने निर्णय गरियो ।**

**ज. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत जम्मा रु १०,८००।- नेवा लहनालाई भुक्तानी दिने निर्णय गरियो ।**

झ. यस न.पा. द्वारा आयोजित २०७२ सालको भूकम्प पश्चात् पुनः निर्माणको एक दशकको पुनरावलोकन उदघाटन समारोहको कार्यक्रममा उपस्थित विशिष्ट व्यक्तिहरुलाई चिया र नास्ताको व्यवस्था गराए वापत जम्मा रु. ४७,५००।- न्यू वत्सला गार्डेन रेष्टुरेन्टलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. यस न.पा.को सानो डोजरको टायर पंचर टाले वापत रु.४,२००।- ड्राईभर राजन गाईजुलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. यस न.पा.को बा १ क ९१३४ नं. को गाडीमा टायर पंचर टाले वापत रु.३,४००।- ड्राईभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. यस न.पा.को FAA 0287 नं. को गाडीमा टायर पंचर टाले वापत रु.३,८००।- ड्राईभर रबिन कोजु भुक्तानी दिने निर्णय गरियो ।

ड. यस न.पा.को बा १ क ३५५८ नं. को गाडीमा टायर पंचर टाले वापत रु.६,२५०।- ड्राईभर दयाराम गोसाईलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. यस न.पा.को बा १ क ९०२५ नं. को गाडीमा टायर पंचर टाले वापत रु.७,८००।- ड्राईभर आशभक्त वंशमणीलाई भुक्तानी दिने निर्णय गरियो ।

ण. यस नपाका का.स. दयाराम आगन्जाले विविध खर्च गर्न रु. १०,००।- पेश्की लिई रु.१२,५६०।- बराबरको खर्च बिल पेश गरेकोमा नपुग रकम रु. २,५६०।- भुक्तानी दिई निजको नाममा रहेको पेशकी फर्स्यौट गरी निजलाई थप रु. १०,००० पेशकी दिने निर्णय गरियो ।

त. भ.न.पा द्वारा आयोजित २०७२ सालको भुकम्प पश्चात पुन निर्माणको एक दशकको पुनरावलोकन उदघाटन समारोहको कार्यक्रममा आवश्यक साउण्ड सिस्टम उपलब्ध गराए वापत जम्मा रु. १४,१२५।- अनमोल इभेन्ट म्यानेजमेन्ट एण्ड सर्भिसलाई भुक्तानी दिने निर्णय गरियो ।

थ. भ.न.पा द्वारा आयोजित भुकम्प दिवसको कार्यकमा आवश्यक व्यवस्था गराए वापत जम्मा रु.३९,५३०।- भक्तपुर टेन्ट हाउसलाई भुक्तानी दिने निर्णय गरियो ।